# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


# प्रेस-नोट

१२ जेठ २०७७

## सीमा क्षेत्रका नागरिकको मानव अधिकार अवस्था
## अनुगमन प्रतिवेदन सार्वजनिक

अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकहरूको मानव अधिकार अवस्था सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गरेको छ। सो सम्बन्धमा आयोगले मित्र राष्ट्रसँग जोडिएका ४० जिल्लाका **सीमा क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकको मानव अधिकार अवस्था** प्रतिवेदन सार्वजनिक गरेको छ । अनुगमन प्रतिवेदनका आधारमा उनीहरूको अधिकार संरक्षणको लागि नेपाल सरकार र प्रदेश सरकारहरूलाई आवश्यक सिफारिस पठाएको छ।

आयोगका सदस्यद्वय मोहना अन्सारी र गोविन्द शर्मा पौड्याल सहितको अनुगमन टोलीले भारत र चीनसँग सिमाना जोडिएका २८ जिल्लामा वि. सं. २०७२ सालदेखि २०७६ सालसम्म स्थलगत अध्ययन गरेको थियो । प्रतिवेदनमा अन्तर्राष्ट्रिय सीमास्तम्भ, सीमा क्षेत्रमा निर्मित बाँध, सडक, तटबन्ध र राष्ट्रिय निकुञ्ज एवम् आरक्षणहरु समेतबाट नेपाली नागरिकको आधारभूत मानव अधिकार प्रचलनमा परेको प्रभाव सम्बन्धमा उल्लेख गरिएको छ । प्रतिवेदनमा विशेषतः नागरिकहरूको जीवन, मर्यादा, स्वतन्त्रता, समानता, सुरक्षा, अपमानजनक र अमानवीय व्यवहार, निष्पक्ष सुनुवाई, राष्ट्रियता, शिक्षा, स्वास्थ्य, खाद्यान्न, रोजगारी, गरीबी, विकास, विस्थापन र उपभोक्तालगायतका अधिकारहरूको अवस्था सम्बन्धी तथ्यहरू सार्वजनिक गरिएको छ।

प्रतिवेदनमा नेपाल, भारत र चीनबीच त्रिदेशीय सीमाबिन्दु कायम गर्न, नेपाल र भारत बीचको आवागमनलाई नियमन र व्यवस्थित गर्न, सीमा क्षेत्रमा बनेका सडक, बाँध तथा तटबन्धको कारण ती क्षेत्रमा बसोबास गरिरहेका नागरिकहरूले व्यहोर्नु परेको क्षतिको क्षतिपूर्ति उपलब्ध गराउन, कोशी, गण्डक र शारदा बाँधको उपभोगमा नेपाली नागरिकले समानुपातिक रूपमा लाभान्वित हुन पाउने अवस्था सिर्जना गर्न, सीमा क्षेत्रबाट बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गर्नलगायतका विभिन्न ४१ बुँदामा नेपाल सरकार तथा प्रदेश सरकारहरुलाई सिफारिस गरिएको छ। आज सार्वजनिक भएको यो प्रतिवेदन विस्तृत अध्ययनको लागि आयोगको वेभसाइट www.nhrcnepal.org मा राखिएको छ।

.............................
वेद भट्टराई
सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org